प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०६/२३


(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पैतालिस प्रतिशत (४४.५८%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | १००६७६ (१००%) | ४४८८५ (१००%) |
| निको भएको | ७३०२३ (७२.५%) | २६४८७ (५९.०%)* |
| उपचाररत | २७०५३ (२६.९%) | १८१५३ (४०.४%)* |
| मृत्यु भएको | ६०० (०.५९%) | २४५ (०.५५%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२३ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०६/२३ |

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०६/२३

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समूहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइसीयु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

गत २४ घण्टामा १९६ जना संक्रमितको आइसियुमा उपचार भइहेको छ जसमध्ये ५७ जना भेन्टिलेटरमा हुनुहुन्छ ।

## ❖ गत २४ घण्टामा जिल्लागत निधनको संख्याः

काठमाण्डौ — २, ललितपुर — १ (**कुल जम्मा - ३**)

## ❖ गत २४ घण्टामा भएको निधनको विवरणः

- सामाखुशी, काठमाण्डौकी ८७ वर्षिया महिलालाई असोज २१ गते सशस्त्र प्रहरी बल अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २२ गते निधन भएको छ । उहाँ उच्च रक्तचापको समस्याले ग्रसित हुनुहुन्थ्यो। उहाँको असोज २२ गते कोभिड-१९ पुष्टि भएको थियो । त्यस्तै बुद्धनगर, काठमाण्डौका ७१ वर्षीय पुरुषलाई निमोनिया असोज १४ गते चिरायु अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २१ गते निधन भएको छ। उहाँको असोज १३ गते कोभिड-१९ पुष्टि भएको थियो । थसिखेल, ललितपुरकी ८४ वर्षीय पुरुषलाई निमोनिया भई असोज २१ गते पाटन अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा असोज २२ गते निधन भएको छ । उहाँको असोज २१ गते कोभिड-१९ पुष्टि भएको थियो । उहाँ दम, मधुमेह र उच्च रक्तचापको समस्याले ग्रसित हुनुहुन्थ्यो । उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ८०२९ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल ३९६ जना बसिरहनुभएको छ भने १४६१ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ३२५६ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ३७४३ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १०५१२ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितीसम्मको विवरण अनुसार यस प्रदेशमा १०२०३९ जनाको पिसिआर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | संस्थागत आइसोलेसनमा बसेका | होम आइसोलेसनमा बसेका | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | १०५० | ११३ | २६७ | १३४७ | २१७४* | ६१३२ | २६४६६ | ३०४९८ | १११६ | |
| ललितपुर | ३७१ | ३१ | ८० | २८९ | २०८ | १८५४ | ११२३४ | ४१७७ | १६३ | |
| भक्तपुर | १०५ | ६ | १६५ | ३३१ | ८८ | १२२० | १०७६८ | ३०४५ | १३० | |
| रसुवा | २५५ | ३ | ५ | ३५ | ३ | १ | ११०१ | २३ | | |
| नुवाकोट | ५४९ | ७ | २४ | ४० | ४१* | १२ | ५१०८ | २४४ | ४ | |
| धादिङ | ३१५ | ७ | १८ | १३७ | ३९ | १५१ | ३७९१ | ६१२ | ७ | |
| चितवन | २४६५ | ४४ | ५६९ | ३५५ | ९४३* | ७३४ | १५७७९ | २८५३ | ५१ | |
| सिन्धुली | ३९२ | ५० | ५ | ४३ | ६६* | १६ | ३३३० | २१५ | ११ | |
| मकवानपुर | ३७७ | २१ | ४ | २९५ | ४४ | १६६ | ११५६४ | १७९९ | ६९ | |
| रामेछाप | ४९० | ६५ | ४९ | १०८ | १२ | ७ | १४७९ | २३० | १९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **दोलखा** | १९३ | १२ | ७३ | ४४ | ८ | ० | २२२१ | १५५ | ३ | |
| **काभ्रेपलान्चोक** | ६७८ | २४ | १०१ | १७६ | ९० | १९४ | ४८७७ | ८०४ | ४० | |
| **सिन्धुपाल्चोक** | ७८९ | १३ | १०१ | ५६ | २७ | २५ | ४३२१ | २३० | ६ | |
| **जम्मा** | **८०२९** | **३९६** | **१४६१** | **३२५६** | **३७४३** | **१०५१२** | **१०२०३९** | **४४८८५** | **१६१९** | |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

*होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको

# संक्रमितको संख्या हिजो संलग्न नगरिएको विवरण आज जोडिएको

## ❖ मुख्य-मुख्य क्रियाकलापहरु:

- **संक्रमितको खोजी र फलो-अप कार्य:**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| धुलिखेलस्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ७०५३ | १५६ | १८६ | ७० जना: भक्तपुर-२३, रामेछाप-१९, काभ्रेपलान्चोक-१५, सिन्धुली-८, काठमाण्डौ-२, फलोअप-३ | ११६ | |
| VBDRTC, हेटौडास्थित प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | २६१४१ | २४९ | १८८ | ८१ जना: मकवानपुर-७७, सिन्धुली-१, भक्तपुर-१, फलोअप-२ | १०७ | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छ:

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश:** http://mosd.p3.gov.np/

**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/

**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/

**-कोभिड१९ संकट ब्यबस्थापन केन्द्र:** ccmc.gov.np

**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा:** http://www.edcd.gov.np/news/covid-19-situation-updates

**-विश्व स्वास्थ्य संगठन / नेपाल:** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई